**जनमुक्ति सेना, नेपाल**
**पश्चिम सैन्य कमाण्ड हेडक्वार्टर**

**प्रेस वक्तव्य**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकारवादी संघ/संस्था, पत्रकार, नागरिक समाज र युद्धबन्दीका आफन्तहरुको अनुरोधलाई सम्मान गर्दै नेकपा(माओवादी)को नीति एवम् जनमुक्ति सेनाको ऐतिहासिक परम्परालाई कायम राख्दै गत माघ १८ गते पाल्पा आक्रमणबाट हाम्रो कब्जामा रहेका पाल्पाका प्रमुख जिल्ला अधिकारी लक्ष्मण थापा, नायव सुब्बा भूमिराज पाण्डे, टोपबहादुर गाहामगर र सैनिक मेघसिंह महतारालाई आजैका मितिमा पाल्पाको छहरामा मानवधिकारवादी, पत्रकार एवम् नागरिक समाजका प्रतिनिधिहरुको रोहवरमा रिहा गरिएको छ । बाँकी हाम्रो कब्जामा भएका चार जना सैनिक जवान र एक प्रहरीलाई छिट्टै छोडिनेछ ।

यसैबीच महेन्द्र राजमार्गको दाउन्ने खण्डमा हिजो साँझ विद्यार्थीमाथि भएको भनिएको आक्रमण हाम्रो तर्फबाट नभई आतंकित र विक्षिप्त मानसिकतामा रहेको शाही सेनाको गोलीबाट घाइते भएको स्पष्ट गर्न चाहन्छौं । सिद्धार्थ राजमार्गमा जनसेनाको एम्बुसमा परी प्रहरीको गाडी क्षतिग्रस्त भएको र प्रहरीहरु घाइते भएको जानकारी गराउन चाहन्छौं ।

*२०६२ माग २४ गते*

रमेश कोइराला
प्रवक्ता
पश्चिम सैन्य कमाण्ड हेडक्वार्टर
जनमुक्ति सेना, नेपाल